फोनः- ०७९-५२०१३३ प्र.जि.अ.
फोन- ०७९-५२०८३३,
daogulmi2046@gmail.com
noticeboard 1618079520833
daogulmi.moha.gov.np
facebook.com/daogulmi

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## गुल्मी

प.सं.- ०७९/०८०

च.नं.- ४०३३

मितिः-२०८०/०२/२४

बिषयः- गृह मन्त्रालयको निर्देशन सम्बन्धमा ।

श्री जिल्ला स्थित सरकारी कार्यालयहरु, सबै ।

श्री नगरकार्यपालिकाको कार्यालय, सबै ।

श्री गाउँकार्यपालिकाको कार्यालय, सबै ।

प्रस्तुत विषयमा गृह मन्त्रालय गुनासो ब्यवस्थापन शाखाको च.नं.४७७ मिति २०८०/०२/१९ को पत्र मार्फत देहाय, बमोजिम निर्देशन प्राप्त भएकोले प्रभावकारी कार्यान्वयन गर्ने/गराउने ब्यवस्था मिलाउनु हुन अनुरोध छ ।

देहाय,

१-कार्यालय समयमा कार्यालय परिसर भित्र र कर्मचारी पोशाकमा टिकटक जस्ता भिडियो खिचेर सामाजिक सञ्जालमा नराख्ने ।

२-सरकारी सवारी साधनको प्रयोग गरी टिकटक जस्ता भिडियो खिचेर सामाजिक सञ्जालमा नराख्ने ।

३-कार्यालय संग सम्वन्धित संवेदनशिल काम कारवाहीको जानकारी, गोप्य कागजात आदि सामाजिक सञ्जाल मार्फत सेयर नगर्ने/नगराउने ।

४-कार्यालयको काम कारवाहीको विबरण जानकारी गराउदा, सार्वजनिक गर्दा ब्यक्तिगत प्रचार-प्रसार र जस लिने आशयले नगर्ने ।

५-आफ्नो नियमित कर्तब्य भित्र पर्ने सरकारी कामकाज गरेको बिषयलाई अनाबश्यक तन्काएर विज्ञापन गरेको जस्तो देखिने गरी ब्यक्तिगत सञ्जालहरुमा नराख्ने ।

६-सार्बजनिक पदधारण गरेका सबै राष्ट्रसेवक कर्मचारीहरुले पदीय जिम्मेवारीलाई नकारात्मक प्रभाव पार्ने खालको बिषयबस्तु सामाजिक सञ्जालमा नराख्ने ।

७-माथि उल्लेखित बुँदाहरु कार्यान्वयन भए/ नभएको सम्बन्धमा गृह मन्त्रालय र यस कार्यालयबाट सुक्ष्म अध्ययन एवं अनुगमन समेत गरिने छ ।

हरि प्रसाद गैरे
सहायक प्रमुख जिल्ला अधिकारी